# मेलम्ची नगर कार्यपालिकाको मिति २०७४ माघ २८ गतेको बैठकको निर्णयहरु

**निर्णय नं. १ :**

जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता कायम भएको **हाम्रो पालो** नामक गैर सरकारी संस्थाबाट आ.व. २०७४/७५ मा यस मेलम्ची नगरपालिका वा अन्तर्गतका वडाहरूमा परियोजना संचालन गर्न स्वीकृति माग भएको हुँदा यस कार्यालयको प्रत्यक्ष समन्वयमा रही परियोजना संचालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित एस.जी.उसु.कुङ्ग फु गुवान नामक संस्थाको आयोजनामा भएको दिपावली विशेष सांस्कृतिक तथा खेलकुद कार्यक्रममा खर्च भएको रकम रू. ५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

मेलम्ची नगरपालिका कार्यालय, मेलम्ची सामुदायिकसिकाई केन्द्र, र जिल्ला शिक्षा कार्यालय, सिन्धुपाल्चोक बीच मिति २०७३।६।१३ मा भएको सम्झौता बमोजिम सामुदायिकसिकाई केन्द्र, मेलम्चीमा कार्यरत सहजकर्ता श्री अम्बिका डोटेललाई यस नगरपालिकाबाट संचालित नगर सूचना केन्द्रको जिम्मेवारी दिने र सो कार्य बापत मासिक रकम रू. ८०००।- (अक्षरूपी आठ हजार रूपैयाँमात्र) थप दिइने उल्लेख भएकोमा निजलाई यस आ.व.मा समेत पूर्व सम्झौता बमोजिम थप रू. ८०००।- (अक्षरूपी आठ हजार रूपैयाँमात्र) उपलब्ध गराई आवश्यकता अनुसार नगरपालिका कार्यालयको समेत थप जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

मेलम्ची नगरपालिका अन्तर्गत आ.व. २०७४/७५ मा संचालन भएको पूर्वाधार तथा योजनाहरूको निर्माणमा लागत अनुमान तयार पार्ने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने, कम्प्युटर सम्बन्धी कार्य गर्ने र कार्यालयमा रहेको हुलुका सवारी साधन संचालन गर्न कर्मचारी आवश्यक भएकोले उल्लेखित कार्य गर्नको लागि सव-इन्जिनियर १ (एक), असिस्टेन्ट सव-इन्जिनियर ३ (तिन), कार्यालय सहयोगी १ (एक) र हलुका सवारी चालक १ (एक) सेवा करारमा पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

मेलम्ची नगरपालिका वडा नं. १० स्थित पदमबहादुर सापकोटा लगायतको घर पहिरोको कारण जोखिमयुक्त रहेकोले उक्त पहिरो नियन्त्रणका लागि रू. १,००,०००।- (अक्षरूपी एक लाख रूपैयाँमात्र) सम्बन्धित उपभोक्ता समितिलाई उपलब्ध गराउँने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

मेलम्ची नगरपालिका र कारीतास स्वीजरल्याण्ड बीच यस मेलम्ची नगरपालिका अन्तर्गत बाल मैत्री, फरक क्षमता भएका विद्यार्थी मैत्री, भूकम्प प्रतिरोधी विद्यालय भवन तथा शौचालयहरूको पुनर्निर्माण,विद्यालयको लागि आवश्यक फर्निचरको सहयोग, खानेपानी निर्माण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्य, विपद् सम्बन्धी चेतनामुलक

कार्यक्रहरू संचालन गर्नको लागि सम्बन्धित संस्थाबाट पेश भएको सम्झौतामा आवश्यक संशोधन सहित सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस मेलम्ची नगरपालिका वडा नं. ७ र मेलम्ची नगरपालिका वडा नं. ११ को मेलम्ची दोभानमा मसाने पाटी निर्माणका लागि रू. २,००,०००।- (अक्षरूपीदुई लाख रूपैयाँमात्र) उपलब्ध गराउँने निर्णय गरियो ।

**निर्णय नं. ८**

मेलम्ची नगरपालिकाका निर्वाचित जन प्रतिनिधिहरूलाई नेपालको पूर्वी क्षेत्र र पश्चिम क्षेत्रका केही नगरपालिकाहरूबाट संचालन गरिएका योजना तथा कार्यक्रमहरूको अध्ययन अवलोकनका लागि भ्रमणमा लैजाने निर्णय भएको हुँदा उक्त अध्ययन अवलोकन भ्रमणका लागि प्रति टोली अधिकतम रू. ७,५०,०००।- (अक्षरपी सातलाखपचास हजार रूपैयाँमात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

मेलम्चीनगरपालिकाकावडा नं. ७ (साविकदुवाचौर गाविस वडा नं. २) निवासीश्री कविता नेपालीलाई सामुदायिकअध्ययन केन्द्रको व्यवस्थापन समितिको मातहतमा रहीकामकाजगर्नको लागि समुदाय परिचालकको रूपमानियूक्तिगरि सामुदायिकअध्ययन केन्द्र व्यवस्थापनशिर्षकबाट तलबभत्ताभुक्तानीहुने गरी वार्षिक रू. ५०,०००।- (अक्षरूपीपचास हजार रूपैयाँमात्र) बजेट निनियोजन गरिएकोमाउक्त बजेट सम्बन्धित वडा कार्यालयमानिकासाहुनबाँकी देखिएकोले उक्त रकम सम्बन्धित समुदाय परिचालकलाई भुक्तानीगर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता कायम भएको **ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठी (रेष्ट)** नामक गैर सरकारी संस्थाबाट आ.व. २०७४/७५ मा यस मेलम्ची नगरपालिका वा अन्तर्गतका वडाहरूमा शिक्षा, स्वास्थ्य र सो संग सम्बन्धित कार्यक्रमहरू संचालन गर्न अनुमति माग भएको हुँदा यस कार्यालयको प्रत्यक्ष समन्वयमा रही कार्यक्रम संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

आ.व. २०७४/७५ को मेलम्ची नगरसभाबाट नगर विकास गुरू योजना निर्माणको लागि बजेट समेत विनियोजन भएको र यस मेलम्ची नगरपालिकाको नगर विकास गुरू योजना निर्माण गर्न आवश्यक देखिएकोले उक्त नगर विकास गुरू योजना निर्माणको लागि मेलम्ची नगरपालिका कार्यालयको भवन शाखाबाट पेश भएको कार्य विवरण स्वीकृत गरी कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।